# खसडछान्ना गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

पसलबगर,बझाङ्ग
सुदूरपश्चिमप्रदेश नेपाल

**बैठक संख्याः-** २९

मितिः २०८१/११/०२

नेपालको संविधानको धारा २१४ (४) मा गाउँपालिकाको कार्यकारिणी कार्य सञ्चालन गाउँ कार्यपालिकाको नाममा हुने व्यवस्था भएकोले खसडछान्ना गाउँ कार्यपालिका बैठक सञ्चालन सम्बन्धी कार्यविधी, २०७४ को दफा १० बमोजिम गाउँपालिका अध्यक्ष श्री उत्तम बहादुर रोकाया ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णयहरु गरियो ।

**तपसिल**

अध्यक्ष श्री उत्तम बहादुर रोकाया
उपाध्यक्ष श्री विष्णु कुमार थापा
७ नं वडा अध्यक्ष (प्रवक्ता) श्री रमानन्द जोशी
१ नं वडा अध्यक्ष श्री देवीभक्त जोशी
२ नं वडा अध्यक्ष श्री ज्योती प्रकास बोगटी
३ नं वडा अध्यक्ष श्री गौरी कुमारी अधिकारी
४ नं वडा अध्यक्ष श्री ईश्वर बहादुर रोकाया
५ नं वडा अध्यक्ष श्री राम बहादुर सिंह
६ नं वडा अध्यक्ष श्री तेज बहादुर खड्का
कार्यपालिका सदस्य श्री लक्ष्मी सार्की
कार्यपालिका सदस्य श्री बुलु देवी आग्री
कार्यपालिका सदस्य श्री मना देवी खड्का
कार्यपालिका सदस्य श्री सर्मिला देवी रोकाया
कार्यपालिका सदस्य श्री प्रकास सुनार
कार्यपालिका सदस्य श्री जोगी सार्की
सदस्य सचिव श्री लक्ष्मीराज जोशी

AnyScanner

**प्रस्तसावहरू**

१. कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन सम्बन्धमा।

२. विद्यालय भान्साकोठा निर्माण कार्यविधि, २०८१ सम्बन्धमा।

३. गाउँपालिका स्तरिय खेलकुद मैदानको लागि जग्गा प्रप्ती सम्बन्धमा।

**निर्णयहरु:**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा महिला, शान्ती र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को दोस्रो राष्ट्रिय कार्ययोजना २०७९।८०- २०८१।८२ कार्यान्वयन गर्न यस खसडछान्ना गाउँपालिकामा तपसिल अनुसारको कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।

१. गाउँपालिका अध्यक्ष -संयोजक

२. गाउँपालिका उपाध्यक्ष- सदस्य

३. सम्पूर्ण वडा सदस्यहरु (७ जना) - सदस्य

४. महिला बालबालिका शाखा प्रमुश- सदस्य

५. प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

**प्रस्ताव नं. २** माथि छलफल गर्दा यस खसडछान्ना गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरूमा दिवा खाजा कार्यक्रम प्रभावकारी रूमपा सञ्चालन गर्नका लागि न्युनतम मापदण्ड अनुसारका भान्सा कोठा निर्माण गर्न खसडछान्ना गाउँपालिकाको विद्यालय भान्सा कोठा निर्माण कार्यविधी, २०८१ पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा खसडछान्ना गाउँपालिका स्तरीय खेलमैदान निर्माणका लागि उपयुक्त जग्गा नभएको हुँदा खसडछान्ना गाउँपालिका वडा नं. ४, पसलबगर बस्ने श्री कृष्ने श्रेष्ठ को नाती, श्री देवी श्रेष्ठको छोरा, श्री कृष्ण वहादुर श्रेष्ठ र ऐ ऐ ठेगाना भएका देवी श्रेष्ठ को बुहारी गणेश श्रेष्ठको पत्नी श्री धौली देवी श्रष्ठ र ऐ ऐ ठेगाना भएका देवी श्रेष्ठ को बुहारी श्री मोहनलाल श्रेष्ठको पत्नी श्री बिनकला देवी श्रेष्ठले खसडछान्ना गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माणका लागि स्व-ईच्छाले दिने हुँदा उक्त जग्गा प्राप्तीका लागि गाउँपालिकाले आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।